निर्णयहरु

**तेस्रो गाउँपरिषद्का निर्णयहरु**

१. आ.ब. ०७५ र ०७६ का लागि योजनाप्रकृया अन्तर्गत बस्ती,तह, वडा, गाउँपालिका र बिषयगत समिति र गाउँपालिका बैठकबाट निर्णय भई आएको आ.व. ०७५।०७६ को बिषय तथा क्षेत्रगत नीतिहरु, वजेट बक्तब्य, आर्थिक ऐन २०७५ र विनियोजन ऐन २०७५ स्वीकृत गर्ने निर्णय गरियो । साथै छलफलमा पेश भएको निति तथा कार्यक्रममा,

- एक घर एक धारा, खानेपानी कायक्रम ७ वटै वडामा ,
- स्वर्ण जयन्ति मनाउने विद्यालयहरुलाई विशेष सम्मान तथा पुरस्कार
- "कृषि तथा दुध फलफुल तरकारी, सामुहिक खेती प्रणाली घर घरमा रोजगारी" अवधारण कार्यक्रम

  शंसोधन थप सहित स्वीकृत गर्ने निर्णय गरियो ।

२. आ. व. ०७४।०७५ का लागि गंगाजमुना गाउपालीकाको आय तर्फ वितिय समानिकरण अनुदान, सर्सत अनुदान, सामाजिक सुरक्षा भत्ता, एल. जि. सि. डि. पि. र आन्तरिक आयतर्फ समेत गरी जम्मा रु ३३ करोड ९८ लाख २६ हजार २१५ रुपैया र पैचालिस पैसा र व्यय चालु तर्फ रु १८ करोड ५३ लाख ११ हजार ७ सय ५१, पुजिंगत तर्फ १० करोड २४ लाख ८२ हजार ४सय १५गरी जम्मा रु २८ करोड ७७ लाख ९४ हजार एक सय ६६ र मौज्दात रकम ५ करोड २० लाख ३२ हजार ४९ अनुमोदन गर्ने निर्णय गरीयो ।

३. आ. व. ०७५।०७६ का लागि गंगाजमुना गाउपालीकाको आन्तरिक आयतर्फ राजस्व बाँडफाँड रु .२५,००,०००।-, नेपाल सरकार वित्तिय समानीकरण अनुदान तर्फ १२ करोड ६५ लाख ,केन्द्रतर्फको शर्सत रु १२ करोड ४९ लाख, प्रदेश सरकार तर्फ बाट प्रप्त शर्सत र समानिकरण तर्फ क्रमश: १ करोड ७७ लाख १३ हजार र रु ७७ लाख ९४ हजार, राजश्व बाँडफाँड बाट ६ करोड १८ लाख ४३ हजार र गत आ.ब.को बचत रु ५ करोड २० लाख ३२ हजार ४९ गरि जम्मा **रु ३९ करोड ३२ लाख ८२ हजार ४९** मध्ये प्रस्तावित खर्च चालु तर्फ रु ४ करोड ४० लाख ४९, केन्द्र सशर्त रु १२ करोड ४९ लाख , प्रदेश तर्फको सर्शत रु १ करोड ७७ लाख तेह्र हजार र पूजीगत खर्च तथा कार्यक्रम तर्फ रु २० करोड ६६ लाख ६९ हजार गरी कुल जम्मा व्यय खर्च रु ३९,३२,८२,०४९।०० को आय व्यय प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

४.गाउँपालिकाको राजस्वपरामर्श समितिको बैठकमा छलफल भई सिफरिसभएअनुसार आ.ब. ०७५।०७६ मा लगाउने बिभिन्न करको दररेट सेवा शुल्क र दस्तुर उठाउने सम्बन्धि प्रस्ताव पारित गर्ने निर्णय गरियो । पारित भएका दररेटका बिस्तृत बिबरण अनुसुचीमा उल्लेख गरीएको छ ।